Marsyangdi Journal
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2738-9588
Combined Vol. 4 & 5, July, 2024, pp 99-107
eJournal site: www.mmc.edu.np
Doi: https://doi.org/10.3126/mj.v4i1.67822

# तीनघुम्ती उपन्यासमा व्यक्तिसत्ता

**विष्णु न्यौपाने, पिएच. डी.**
उपप्राध्यापक
सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय
Corresponding: neupanesmc@gmail.com

**Article History**

| Received | Revised | Accepted |
|---|---|---|
| 22nd October, 2022 | 1st March, 2023 | 12th June, 2023 |

**अध्ययन सार**

'तीनघुम्ती उपन्यासमा व्यक्तिसत्ता' शीर्षकको प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइरालाको 'तीनघुम्ती' उपन्यासमा प्रस्तुत वैयक्तिक अस्तित्वको अध्ययनमा केन्द्रित छ । व्यक्तिसत्ता अस्तित्ववादको केन्द्रीय विषय हो । अस्तित्ववाद मानवीय अस्तित्वको अध्ययनमा आधारित दार्शनिक चिन्तन हो । व्यक्ति वा वस्तु जस्तो देखिन्छ र ठानिन्छ त्यो नै अस्तित्व हो । 'तीनघुम्ती' उपन्यासको विषयवस्तुमा इन्द्रमायाको जीवनलाई व्यक्तिसत्ताको केन्द्रमा राखी प्रस्तुत गरिएको छ । संसारका यावत् जीव तथा वस्तुको समग्रतामा व्यक्तिसत्ताको पहिचान र स्वतन्त्र निर्णयद्वारा व्यक्तिसत्ताको स्थापना गर्नु प्रस्तुत उपन्यासको मूल ध्येय रहेको छ । एउटी नारीले घर, परिवार, समाजबाट एक्लिनु परे पनि आफ्नो निर्णय गर्ने स्वतन्त्रताको मार्गलाई अपनाएकी छन् । यिनले गरेका निर्णयहरूले परिवर्तित समाज, परिवर्तित मानसिकता र नवीन सोचलाई आत्मसात् गरेका छन् । समाजले के भन्छ तथा नियतिले के गर्छ भनेर यिनी निर्णय गर्नबाट चुप लागेर बसेकी छैनन् । समाजका कतिपय विचार र परम्परालाई व्यक्ति इच्छाको परिपूर्तिका लागि निर्णय गर्नुपर्छ, नियतिका माखेसाङ्लालाई पनि भत्काउने प्रयास गर्नुपर्छ भनी यिनले भटाभट एकपछि अर्को निर्णय गरेकी छन् । व्यक्तिसत्तालाई मूल समस्याका रूपमा यस अध्ययनमा लिई अस्तित्ववादको सैद्धान्तिक पर्यावरणमा उपन्यासको व्याख्या विश्लेषण गरी व्यक्तिसत्ताको निर्क्यौल गरिएको छ । पुस्तकालय अध्ययनकार्यका आधारमा प्राथमिक र द्वितीयक स्रोतसामग्री सङ्कलन गरी यिनै सामग्रीको अध्ययन र पुनरावलोकनबाट गुणात्मक अनुसन्धान ढाँचामा विश्लेषित यस अनुसन्धानात्मक लेखमा इन्द्रमायाका तीन निर्णयहरूको विभिन्न सन्दर्भमा व्याख्याविश्लेषण गरी स्वतन्त्रतावरणका ती निर्णयहरू व्यक्तिसत्ताको स्थापनाका लागि गरिएका र महत्त्वपूर्ण थिए भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

***प्रमुख शब्दावली :*** इच्छापूर्ति, आत्मगत निर्देशन, जीवननिर्णय, जैविक इच्छा, प्रायश्चित्त

## परिचय

'तीनघुम्ती' (२०२५) उपन्यास विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९)को औपन्यासिक यात्रामा पहिलो प्रकाशित उपन्यास हो । उपन्यासकी प्रमुख पात्र इन्द्रमायाको जीवनको विगतको इतिहासको संस्मरण नै उपन्यासको कथावस्तुको पृष्ठभूमि हो । इन्द्रमायाले सोह्र, पच्चिस र सत्ताइस वर्षको उमेरमा गरेका तीनओटा

निर्णयहरू र ती निर्णयहरूले आफू र आफ्नो समाजमा ल्याएका उतारचढावहरू, आरोहावरोहहरू, नाफानोक्सान आदिलाई पैतालिस वर्षे उमेरबाट नियाल्न पुगेकी छन् । एउटी नारीले आफ्नो अस्तित्व स्थापनाका लागि समाजसँग सङ्घर्ष गर्दै र चुनौती दिँदै गरेका ती निर्णयहरू नै उपन्यासका मुख्य विषय हुन् । यी निर्णयहरू लिँदा उनले निकै सुझबुझ पुऱ्याएकी छन् तापनि तत्कालीन समाजमा यी निर्णयहरूले मान्यता पाउन भने सकेका छैनन् । यी निर्णयले एक्लो जीवन बिताउन उनलाई निकै सङ्घर्ष गर्नुपरेको छ । उनले जीवनमा आएका समस्याबाट भागेर होइन भोगेरै आफ्नो जीवन बिताउन चाहेकी छन् । पैतालिस वर्षको उमेरमा पुगेकी इन्द्रमाया बिस वर्षकी छोरी रमाले आफ्नो पतिवरण गरेर समर्थन र आशीर्वाद लिन आमाका अघिल्तिर उपस्थित हुँदा उपन्यासको आरम्भ र अन्त्य दुवै भएको छ । पूर्वस्मृति शैलीमा लेखिएको यस उपन्यासमा इन्द्रमाया आफ्नी बिस वर्षे छोरीको निर्णय देखेर आफ्नो विगतको स्मृतियात्रा आरम्भ गरेकी छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको 'तीनघुम्ती' उपन्यासकी प्रमुख पात्र इन्द्रमायाले गरेका निर्णयहरू अस्तित्ववादको केन्द्रीय विषय व्यक्तिसत्तामा केन्द्रित रहेको हुनाले व्यक्तिसत्तासँग केन्द्रित विषयहरू उपन्यासमा के के छन् ? तिनको प्रस्तुतिका उपकरणहरू कसरी संयोजित छन् ? भन्ने प्राज्ञिक जिज्ञासा नेपाली समालोचनाका क्षेत्रमा सिर्जना भएको छ । आफ्नो स्वतन्त्रता वरणका क्रममा उनले निर्णय त गरिन्, तिनले उनमा के कस्ता समस्याहरू आइपरे, उनले सामाजिक मूल्यमान्यतालाई कसरी हेरिन्, जीवनमूल्यको निर्धारण कसरी गरिन् भन्ने जस्ता समस्याहरू निर्क्योल गरेर यस अध्ययनलाई अगाडि बढाइएको छ । यसका निम्ति प्रस्तुत अध्ययनलाई इन्द्रमायाको आत्मकेन्द्रित निर्णय, आत्मकेन्द्रित नैतिकता, स्वतन्त्रता तथा दायित्व, व्यक्ति नै सत्य, व्यक्ति आफैँमा अनन्य र जीवनमूल्यजस्ता अस्तित्ववादका केन्द्रीय विषय व्यक्तिसत्ताको खोजी गरी मूल्याङ्कन गर्ने उद्देश्यमा केन्द्रित गरिएको छ । त्यसैले यस अनुसन्धान लेखमा अस्तित्ववादलाई 'तीनघुम्ती' उपन्यासको विश्लेषणको प्रमुख आधार बनाएर विषयको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेखमा पुस्तकालयीय अध्ययन कार्यका आधारमा प्राथमिक र द्वितीयक स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । इन्द्रमायाले आफ्नो जीवनका तीनओटा घुम्तीहरूमा गरेका तीन निर्णयहरू, ती निर्णयमा यिनको व्यक्ति स्वतन्त्रताको उपयोग, यी निर्णयले यिनको जीवनमा आइपरेका कठिनाइहरूको अध्ययनका लागि 'तीनघुम्ती' उपन्यासलाई प्राथमिक स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ । यसरी सङ्कलित सामग्रीको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षमा पुग्नका लागि यस उपन्यास र अस्तित्ववादसम्बन्धी विवेचना गरिएका पुस्तकहरू द्वितीयक स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा उपलब्ध अभिलेख सामग्रीहरूबाट तथ्यहरूको सङ्कलन, व्याख्या र विश्लेषण गरी निचोडमा पुगिएको छ । अभिलेख सामग्रीहरूमा सम्बन्धित पुस्तक, पत्रपत्रिका, समीक्षात्मक तथा अनुसन्धानात्मक पुस्तक र लेखरचनाहरू संलग्न छन् । उपन्यासमा कथानकको विकासक्रममा आएका आरोहअवरोहलाई अध्ययनको आधार बनाइएको छ । विषयको अन्वेषण र विश्लेषणका लागि सोरेन अबार्ड किर्केगार्ड, फ्रेडरिक नित्से, मार्टिन हाइडेगर र ज्याँ पल सार्त्रका अस्तित्ववादसम्बन्धी आत्मकेन्द्रित निर्णय, आत्मकेन्द्रित नैतिकता, स्वतन्त्रता तथा दायित्व, व्यक्ति नै सत्य, व्यक्ति आफैँमा अनन्य र जीवनमूल्यजस्ता भन्ने सैद्धान्तिक आधारमा निगमन विधिबाट विश्लेषण गर्दै अर्थापन गरिएको छ ।

## नतिजा तथा छलफल

यस भागमा 'तीनघुम्ती' उपन्यासको विषयवस्तुमा इन्द्रमायाको जीवनलाई व्यक्तिसत्ताको केन्द्रमा नतिजाको विश्लेषण तथा छलफल गरिएको छ ।

### व्यक्तिसत्ताको सैद्धान्तिक पर्याधार

अस्तित्ववाद मानवीय अस्तित्व र यसको विशिष्ट विशेषताको अध्ययनमा केन्द्रित भएको दार्शनिक चिन्तन हो । यो व्यक्ति अस्तित्वको अध्ययनमा केन्द्रित रहन्छ । यसले व्यक्ति स्वतन्त्रतालाई महत्त्व दिन्छ । जुलियन ब्रेन्दाको

मतमा अस्तित्ववाद भनेको भाव र विचारप्रति जीवनको विद्रोह हो (श्रेष्ठ, २०५१, पृ. १३४) । नेपाली बृहत् शब्दकोशमा व्यक्तिको स्वतन्त्र निर्णय र वरण तथा उत्तरदायित्वलाई सकारी मानुष्य जीवनको अस्तित्वमाथि चिन्तन गर्ने साहित्यिक मान्यतालाई अस्तित्ववाद भनिएको छ (पृ. ८९) । रेने देकार्तले 'म सोच्छु त्यसैले म छु' भनेका छन् ( त्रिपाठी, २०४९, पृ. १२९) । "अस्तित्ववाद व्यक्तिलाई सम्पूर्ण भ्रमबाट मुक्त पार्न चाहन्छ र भ्रममुक्त भएको एउटा शून्यको विन्दुबाट आफूलाई खोज्ने र आफ्नै प्रयासले आफूलाई प्राप्त गर्ने जाँगर र आत्मविश्वास व्यक्तिभित्र जगाउन खोज्छ" (पाण्डे, २०६२, पृ. ३६) । प्रत्येक व्यक्ति आफू जे जस्तो अवस्थामा छ त्यसको कारण ऊ स्वयम् हो । ऊ आफ्नो अवस्थाप्रति पूर्णतः आफू नै जिम्मेवार हुन्छ । मानवीय जीवनको मूल समस्या पहिल्याउनु र त्यसैको परिप्रेक्ष्यमा जीवनको सत्य खुट्याउनु यसको विशिष्ट अभिप्राय हो । व्यक्तिको वैयक्तिक र व्यक्तिको निजत्वको मूल्यलाई सर्वोपरी महत्व दिने यो सिद्धान्त महत्वपूर्ण रहेको छ ।

डेनमार्केली धार्मिक चिन्तक सोरेन अबार्ड किर्केगार्डको विचारमा व्यक्तिले कुनै निर्णय गर्नु वा कुनै सङ्कल्प गर्नु भनेको एक अज्ञेय अन्धकारमा हामफाल्नु हो । अस्तिवप्राप्तिका लागि व्यक्तिमा त्यसप्रकारको सङ्कल्प शक्ति अनिवार्य रूपमा हुनैपर्छ जसले उसलाई कुनै पनि वस्तु वा परिस्थितिको सम्पूर्णको ज्ञान नभएको अवस्थामा पनि आफ्नो स्वतन्त्र निर्णयले अन्धकारमा हामफाल्न लगाउँछ । उसले जे गर्छ आत्मद्वारा निर्देशित भएर नै गर्छ । त्यतिबेला उसको नैतिकता आत्मकेन्द्रित हुन्छ । व्यक्तिले जीवनमा निर्णय गर्नासाथ विसङ्गति जन्मिन्छ तर पनि व्यक्ति जीवनमा निर्णय गर्नबाट पछाडि सर्दैन किनकि व्यक्तिका अगाडि आफ्नो अस्तित्वप्राप्तिका लागि निर्णय गर्नुबाहेक अर्को विकल्प नै छैन । निर्णय गर्नु व्यक्तिको शक्ति पनि हो । व्यक्ति अफ्नो बारेमा आफै नै निर्णय गर्दछ र आफ्नो अवस्थाप्रति ऊ स्वयम् उत्तरदायी हुन्छ (सार्त्र, सन् २००७, पृ. २२-२३) । आफ्नै निर्णयले उसको जीवनमा दुःखमा पर्छ, विभिन्न समस्या भोग्नुपर्ने अवस्थामा पुग्छ । यही नै उसको दुःखको कारण बन्न पुग्छ ।

जर्मनेली चिन्तक नित्से व्यक्तिसत्तालाई सर्वोपरी ठान्ने दार्शनिक हुन् । यिनले व्यक्तिको स्वतन्त्र अस्तित्व, ईश्वरको मृत्युको घोषणा, महामानवको परिकल्पना जस्ता विषयमा जोड दिएका छन् (काफम्यान, सन् १९५६, पृ. २०-२१) । जर्मनेली चिन्तक हाइडेगर पनि अस्तित्ववादी दार्शनिक हुन् । व्यक्ति आफूभित्र भएको आत्मचेतनद्वारा जागरुक र निर्देशित हुन्छ भन्ने यिनको मान्यता रहेको छ । यिनले सत्ता सधैँ अस्तित्वको सत्ता हो भनेका छन् ( हाइडेगर, सन् १९६२, पृ. ९५) । फ्रान्सेली चिन्तक ज्याँ पल सार्त्र व्यक्तिसत्तालाई सर्वौपरी ठान्दै सत्ता व्यक्ति आफैँले निर्माण गर्ने तथा यसैका आधारमा परिचय दिने काम गर्दछ भन्ने बताएका छन् । मानिस आफ्नो विषयमा निर्णय गर्न पूर्णतः स्वतन्त्र छ भने त्यही स्वतन्त्रताको कारण जीवनमा ऊ दायित्वबोधको बोझ खप्न पनि बाध्य छ (सार्त्र, सन् २००३, पृ. २) । यिनको 'बिइङ एन्ड नोथिङनेस्' पुस्तकमा मान्छेको स्वतन्त्रता र उत्तरदायित्वको समुचित विरूपण गरिएको छ । हरेक मान्छे आफ्नो वातावरण र परिस्थितिका बिच सधैँ सङ्घर्षशील छ र यही नै उसको अस्तित्व हो । व्यक्तिको स्वतन्त्र निर्णयको क्षमतालाई अस्तित्व भनिएको हो । यही क्षमताका कारण मानिस कार्य गर्छ र दुःखमा पर्दछ । मानिसको कार्य आफूभित्रको स्रोतबाट प्रेरित भएर गर्दछ तापनि यो कामले ऊ मात्र नभएर अरूलाई पनि प्रभावित पार्दछ । त्यसैले ऊ सम्पूर्ण मानवजातिप्रति उत्तरदायी हुन्छ । अस्तित्वको सत्ता त्यही हो जुन कुरा जस्तो देखिन्छ । एउटा व्यक्तिको निमित्त अन्य व्यक्तिहरूको उपस्थिति नै पीडाको मुख्य कारण हो । "सार्त्रका विचारमा मान्छेलाई निर्देशित गर्ने मान्छेबाहेक कुनै अतिरिक्त सत्ता, मूल्य र आदर्शहरू छैनन् । मान्छे परिस्थितिका बिच सधैँ सङ्घर्षशील छ, यही उसको अस्तित्व हो" (वासुदेव त्रिपाठी, २०४९, पृ. ५४०) । यो संसारमा मान्छे नै एउटा मात्र त्यस्तो सत्ता हो जसले आफ्नो परिभाषा आफैँ बनाउँछ । मनुष्य आफ्नो निर्माण आफैँ गर्दछ, ऊ आफ्नो निर्माण नैतिकता छनौटद्वारा गर्दछ । उसको प्रत्येक निर्णय आत्मिक नैतिकताको अभिव्यक्ति हो किनकि निर्णय गर्दा उसले त्यो राम्रै ठानेर गरेको हुन्छ । व्यक्तिले गरेको निर्णय अनैतिक हुन सक्दैन (पाण्डे, २०६२, पृ. ९४) ।

संसारमा व्यक्ति नै सत्य हो । व्यक्ति यो संसारमा जन्मिदा कुनै इच्छा र आकाङ्क्षा बिना जन्मिन्छ । उसमा कुनै तत्परता पनि रहँदैन । बिना प्रयोजन उसको सत्ता यो संसारमा उदाएको हुन्छ । जन्मिनुपूर्वको अवस्थामा मानिसको कुनै योगदान र कदर छैन । उसको भाग्य र भविष्य पनि उसैको हातमा छ । उसको कर्मले उसको जन्मेपछिको मार्ग निर्धारण हुन्छ । कुनै चमत्कार गऱ्यो भने त्यो पनि सम्भव हुन सक्छ । यस संसारमा उसको कर्मले

नै उसको मूल्य निर्धारण गर्दछ । "मानिसलाई स्वतन्त्र प्राणीका रूपमा हेर्दै अस्तित्वलाई तत्वको पूर्वगामीको रूपमा सकार्ने साहित्यिक सिद्धान्त हो" (पोखरेल र अन्य, २०६७, पृ. ८९) । त्यसैले मानिसले आफ्नो मूल्य आफैँले राख्ने हो । अरूले मूल्य राख्न पाउँदैन र मिल्दैन पनि । आफू कति मूल्यवान् बन्ने भन्ने कुरा उसका कामले निर्धारण गर्दछ । प्रत्येक मानिसले आफ्नो मार्ग आफ्नै रोज्छ, आफैँ त्यस मार्गमा कर्म गर्छ र आफ्नो मूल्य आफैँ निर्धारण गर्दछ ।

**इन्द्रमायाको पहिलो आत्मकेन्द्रित निर्णय**

बाबुआमा, घरपरिवार, छरछिमेकलाई छाडेर सोह्र वर्षको उमेरमा आफूखुसी विवाह बन्धनमा बाधिनु इन्द्रमायाको जीवनको पहिलो आत्मकेन्द्रित निर्णय हो । काठमाडौँको कुनै एक कुलीन नेवार परिवारकी इन्द्रमाया, पहाडमा घर भएको पर्वते बाहुनको छोरो पीताम्बरसँग परिचित हुन पुग्छिन् । यिनीहरू एउटै कलेजका सहपाठी हुन्छन् । घरमा इन्द्रमायाको विवाहका लागि योग्य वरको खोजी हुन्छ । उनी आफैँले छानेको केटो अघि सार्छिन् । परिवारले पीताम्बरसँग विवाह गर्न स्वीकृति दिँदैन । स्वेच्छाले घरबाट भागेर पीताम्बरलाई स्वीकार्नुपर्ने स्थिति आउँछ । उनी घर छाडेर डिल्लीबजारस्थित पीताम्बरकै कोठामा पुग्छिन् । पीताम्बरले पत्नीकै दर्जामा आफ्नो कोठामा उनीलाई भित्र्याउँछन् । बाबुआमा र समाजलाई छाडेर पीताम्बरका घरमा भित्रिन पुगेकी इन्द्रमायाको नित्यकर्म भनेको लोग्ने पीताम्बरको सेवा गर्नु, खाना पकाउनु, सरसफाइ गर्नु, घरधन्दा समाल्नु, पीताम्बरका साथीहरूको सेवा सत्कार गर्नु हुन्छ । पीताम्बर र उनका साथीहरू बिच भएको राजनीतिक बहसमा यिनी पनि सहभागी हुन्छिन् । आफ्ना साथीहरूसँग भएको राजनीतिक बहसमा इन्द्रमाया सहभागी भएको पीताम्बरलाई मन पर्दैन । एकदुईचोटि उनले इन्द्रमायालाई यसबारे सचेत पनि गराउँछन् । इन्द्रमाया आफ्नो पतिप्रतिको प्रेममा कुनै कमी हुन्छ कि भन्ने कुरामा निकै सचेत हुन्छिन् । राजनैतिक व्यक्तित्व भएकोले पीताम्बर देशमा चलेको स्वतन्त्रता सङ्ग्राममा लाग्नुपर्ने हुन्छ । यसैले उनी घरमा भन्दा बाहिर नै धेरै समय बिताउँछन् । कहिलेकाहीँ घर आउँदा पनि निकै थकित मुद्रामा हुन्छन् । आफ्नो विवाह भएको लामो समयसम्म पनि मातृत्त्व पूरा हुन नपाएकोमा यिनलाई खल्लो लाग्छ । यिनको मातृत्व एषणा तीव्र रूपमा जागृत हुन्छ । पीताम्बर सामु आफूमा जागृत भएको मातृत्वको भोक व्यक्त गर्छिन् । पीताम्बर यस कुरामा खासै चासो दिँदैनन् । बरु पत्नीलाई नै बाँझी भएको मिथ्या आरोप लगाउँछन् । यस कुराले इन्द्रमायाको अन्तरकुनामा खिन्नता पैदा गरिदिन्छ । यसै रात घरमा सैनिकले छापा मार्दछन् । पीताम्बर राजद्रोहको अभियोगमा थुनामा पर्दछन् । आफूले मन पराएर, आफैँले छानेको लोग्नेसँग विवाह गर्नु, यस घटनाले परिवार यिनीबाट टाढिनु, पतिबाट यौनसुख र सन्तान प्राप्तिको इच्छा पूर्ति नहुनु, राजनीतिक अभियोगमा पति जेल पर्नु पहिलो निर्णयका विषयहरू हुन् । यी विषय तथा स्थितिहरूबाट यिनी भागेर होइन यिनैसँगसँगै सङ्घर्ष गरेर, भोगेर, वरण गरेर यिनी अगाडि बढ्नुपरेको छ ।

**इन्द्रमायाको दोस्रो आत्मकेन्द्रित निर्णय**

लोग्ने जेलमा भएको अवस्थामा समाजको मर्यादालाई भन्दा आफ्नो इच्छापूर्तिलाई महत्त्व दिँदै घरको रखवारी गर्न खटाइएको रमेशसँग नजिकिँदै परपुरुषबाट सन्तान जन्माउनु र आफ्नो मातृत्त्वलाई कायम राख्नु इन्द्रमायाको जीवनको पच्चिस वर्षको उमेरमा गरिएको दोस्रो आत्मकेन्द्रित निर्णय हो । लोग्ने जेल परेपछि इन्द्रमाया नितान्त एक्ली र असहाय महसुस गर्छिन् । माइतीले वास्तापास्ता गर्दैनन् । घरमा अन्नको गेडोसम्म हुँदैन । उनले आफ्नो हातको चुरा बेचेर बिहान बेलुकाको छाक टार्ने प्रयत्न गर्छिन् । यस्तो अभावपूर्ण अवस्थामा रमेश सहारा दिने बहानामा आइपुग्छन् । इन्द्रमायाको शारीरिक उपभोगका लागि रमेशले अनेक सहयोगको वहाना, प्रेमको प्रपञ्च, फकाउने, फुल्याउने र घुर्की लगाउन थाल्छन् । रमेशप्रति इन्द्रमायाको झुकाव बढ्दै जान्छ । रमेशले उनको सतित्व डगाएरै छाड्छन् । उनले गर्भधारण गर्छिन् । यसबाट आफू अपवित्र बनेको महसुस गर्दै प्रत्येक बिहान बाग्मतीमा नुहाउने र पशुपतिको दर्शन गर्न थाल्छिन् । इन्द्रमाया गर्भवती भएको थाहा पाएपछि रमेश क्रमशः उनीबाट टाढा हुन थाल्छन् । इन्द्रमाया आफ्नो लोग्नेप्रतिको कर्तव्यमा कुनै कमी हुन दिन्नन् । रमेशमार्फत् उनीलाई मीठामीठा खानेकुरा पठाउन थाल्छिन् । इन्द्रमायाको गर्भ परिपक्व भई अस्पतालमा भर्ना भई छोरी जन्माउँछिन् । अस्पतालको खर्च रमेशले तिरिदिन्छन् र स्याहार गर्ने एउटा मान्छे राखिदिन्छन् । यसपछि उनी अर्कैसँग विवाह गरी घरगृहस्थीमा व्यस्त हुन्छन् । "व्यक्ति हरेक विषयमा आफ्नै किसिमले सोच्न पूर्ण स्वतन्त्र छ । व्यक्ति आफ्नो त्यही स्वतन्त्रताको वरण र उपभोग

गर्दा नै पीडामा पर्न जान्छ तर त्यो उसको आफैँ स्वतन्त्रता निर्णयको परिणति भएको हुनाले त्यसबाट मुक्ति उसलाई सम्भव हुँदैन । प्रत्येक व्यक्ति आफ्नो स्थितिप्रति स्वयम् नै जिम्मेवार हुन्छ" (पाण्डे, २०६२, पृ. ५३-५४) । यही मान्यतामा इन्द्रमाया पनि आफूले गरेका कर्ममा प्रायश्चित्त गर्न पशुपति धाउन लागेकी छन् ।

**इन्द्रमायाको तेस्रो आत्मकेन्द्रित निर्णय**

इन्द्रमायाले पीताम्बर तथा छोरीमध्ये एक छनौट गर्नुपर्ने हुन्छ । सत्ताइस वर्षको उमेरमा छोरी प्राप्तिका लागि लोग्नेलाई छाड्नुपर्ने अवस्था आउँछ । छोरीलाई काखमा च्यापेर घरबाट बाहिरिनु यिनको तेस्रो आत्मकेन्द्रित निर्णय हो । पीताम्बर जेलबाट छुट्छन् । यसपछि इन्द्रमाया र पीताम्बरका दिनहरू आपसी झगडा गर्दैमा बित्दछन् । पीताम्बर इन्द्रमायालाई घोचपेच गर्न थाल्दछन् र रमेशबाट जन्मेकी छोरी उनैलाई सुम्पन अनुरोध गर्छन् । इन्द्रमायाका अगाडि पति वा छोरीमध्ये एउटा छाड्नुपर्ने अवस्था सिर्जना हुन्छ । उनी पतित्वभन्दा मातृत्व उच्च ठान्दै यो छोरी छाड्ने आग्रह स्वीकार्दिनन् बरु लोग्ने त्याग गरिदिन्छिन् । पीताम्बरले अर्की पत्नी भित्र्याउँछन् । रमेशले पनि विवाह गरी आनन्दसँग बसेका हुन्छन् । इन्द्रमायालाई समाजले बहिष्कार गर्छ । उनले जीवनमा निकै हन्डर खानुपर्छ, जीवन धान्नका लागि निकै कष्टपूर्ण काम गर्नुपर्छ, धेरै ठाउँमा गरिरहेको काम छोड्नुपर्छ तैपनि हरेस नखाईकन छोरीलाई हुर्काउँछिन् । छोरी बढ्दै गएपछि उनैले रोजेको केटोसँग विवाह गराइदिएर उनले आफ्नो विगतका घटना सम्झँदै बस्न लाग्दछिन् ।

**आत्मकेन्द्रित नैतिकता**

नैतिकता आत्मकेन्द्रित हुन्छ । मनुष्य आफ्नो निर्णय आफैँ गर्छ । निर्णयहरू पूर्वनिर्धारित हुँदैनन् । उसले जे गर्छ राम्रो ठानेर नै गरेको हुन्छ । इन्द्रमायाले आफ्नो जीवनमा गरेका तीन आत्मकेन्द्रित निर्णयहरू आत्मकेन्द्रित नैतिकताले प्रेरित भएर गरिएका निर्णयहरू हुन् । आफ्नो स्थितिबाट सँगालेका सत्यहरूद्वारा उनले निर्णय गरेकी छन् ( राई, २०५०, पृ. २५२) । आफूले गरेका निर्णयमा परिणाम जे आए पनि उनी त्यसलाई सहजै स्वीकार गर्न तयार छन् । यिनले आफ्नो विगतको निर्णयमा पश्चात्ताप गरेकी छैनन् । "पैतालिस वर्षे उमेरमा आइपुगेर पहिलो निर्णयले आमाबाबु र साथीभाइबाट र दोस्रो र तेस्रो निर्णयबाट प्रेमी र पतिदेखि अलग गराएको निर्णय सिंहावलोकन गर्दा ती निर्णयप्रति कुनै पछुतो भाव उमारेकी छैनन्" (आचार्य, २०५५, पृ. ४५) । उनी अरूलाई दोष दिन चाहन्नन् । जे कार्य गरेकी छन् उनले सुझबुझपूर्ण रूपमा गरेकी छन् र यदि गल्ती नै गरेकी छन् भने पनि आफैँले गरेको निर्णय हो, अरूलाई दोष दिने पक्षमा उनी छैनन् । रमेश पीताम्बरका खराब कुरा देखाएर बारम्बार उचाल्ने गर्दथे तापनि उनी चुपचाप रहन्थिन् । उनी अर्काले उचालेर उचालिने खालकी थिइनन् ।

इन्द्रमायाले सहपाठी युवक पीताम्बरसँग प्रेम सुरू गरेकी थिइन् । "तिमीसँग सिनेमा हेर्न जाँदा मलाई रमाइलो लाग्छ" (कोइराला, २०५५, पृ. २) । यही प्रेम परिपक्व भएर उनी आफैँ सक्रिय बनी पीताम्बरका घरभित्र भित्रिन पुगेकी थिइन् । उनको घरमा बिहेको कुरा चल्दा उनी सजिलै भनिदिन्छिन् "पीताम्बर छँदै छन् नि" (कोइराला, २०५५, पृ. ३) । उनैले मन पराएर पीताम्बरसँग बिहे गरेकी थिइन् । आमाले जातपातका कुरा, विचारगत भिन्नताका कुरा राख्दा पनि केही लागेन । आखिर सोह्र वर्षे उनले आमाबाबु र समाजका विरुद्ध गएर पीताम्बरलाई रोजेकी थिइन् । यस निर्णयमा उनले निकै बौद्धिकताको उपयोग गरेकी छन्, मुटु दह्रो पारेकी छन् । "उनका लागि पीताम्बरसँग उनको दुनियाँ आफ्नो निजी दुनियाँ थियो, यो दुनियाँ झन् भरिभराउनी, झन् व्यस्त, झन् रङ्गमय, झन् रमाइलो" (कोइराला, २०५५, पृ. १०) । यसरी वरण गरेको प्रेमी अनि लोग्ने "उनका दृष्टिमा (लोग्ने) परमेश्वर होइन, जीवनसाथी मात्र हो । प्रेम आत्माको आवश्यकता हो भने यौन देह र मनको । उनी प्रेम र यौनभावनाको अलगअलग अस्तित्व देख्छिन्" (पौड्याल, २०६१, पृ. १२७) ।

इन्द इन्द्रमायाले यौनसुखलाई आवश्यक माने पनि यो प्राकृतिक इच्छापूर्तिको माध्यम मात्र थियो । उनले सधैं यौनलाई मात्र महङ्खव दिएको भए सधैँ पीताम्बरसँगै बस्न सक्थिन् वा रमेशसँग जीवन बिताउन सक्थिन् वा अरू कुनै पुरुषसँग जीवन बिताउन सक्थिन् वा वेश्याचरणमा लाग्न सक्थिन् । उनले यी कुनै विकल्प रोजेकी छैनन् । उनले रमेशलाई छनौट गर्नुको उद्देश्य वेश्याचरण पनि देखिँदैन र पतित्व स्वीकारेको पनि देखिँदैन । यदि उनी वेश्याचरणमा लागेकी थिइन् भने पीताम्बरले त्यागेपछि उनी रमेश वा अन्य कोहीसँगै हुन्थिन् । यदि उनी पतित्व स्वीकार्न तयार

थिइन् त रमेशले अर्को बिहा गर्नुपर्ने अनि उनी एक्लै जीउनुपर्ने पनि थिएन । उनको यो सम्बन्ध त आफ्नो जैविक इच्छा, सन्तानप्राप्तिका लागि मात्र थियो । गर्भमा छोरी हुर्कदै गएपछि उनी र रमेशको सम्बन्ध टाढिदै गएको छ । "रमेशसँगको सहवास अघि र पछिका दुवै अवस्थामा उनी पीताम्बरप्रति नै प्रेमाभिव्यक्तिमा इमानदार छिन् । उनले रमेशलाई पनि घृणा गरेकी छैनन् । त्यसैले रातभरि रमेशसँग सहवासमा संलग्न हुँदा पनि उनको चेतना सबै समय पीताम्बरतिरै केन्द्रित छ" (धरावासी, २०५८, पृ. पृ.४) । यिनले अन्तर्जातीय विवाहलाई समाजमा स्थापित गर्न चाहेकी छन् । "खानदानी नेवार परिवारकी यिनले साधारण परिवारको पर्वते बाहुनसँग बाबुआमाको स्वीकृतिबिना विवाह गरेकी छन्." (चालिसे, २०६७, पृ. ३९२) ।

इन्द्रमायाले सहपाठी पीताम्बरलाई आफ्नो जीवनको सहारा मानी पति छानेकी छन् । उनले पीताम्बरलाई सामाजिक लोकाचारका लागि पति मानेकी छन् भने पतिले दिने शारीरिक आनन्द र सन्तानेच्छाको पूर्तिको माध्यमचाहिँ रमेशलाई बनाएकी छन् । "इन्द्रमायाका दृष्टिमा पति परमेश्वर होइन, केवल जीवनसाथी मात्र हो" ( ढकाल, २०५६, पृ. १०२) । आफ्नो प्राकृतिक इच्छा पतिबाट पूरा गर्न नसक्दा उसमा व्यापक छटपटी पैदा भएको छ भने कम आशा भएको पति जेल परेपछि उनको इच्छा क्षतविक्षत हुन पुगेको छ र यसैको सही उपचारका लागि अन्तिम उपाय उनले रमेशलाई छान्न पुगेकी छन् । पीताम्बर जेल परेपछि उनले माइतीबाट कुनै सहयोग पाएकी थिइनन् । एक हप्तासम्म लोग्नेको केही खबर पाउन सकिनन् भने यता घरमा पकाउने अन्न पनि सिद्धिसकेको थियो । उनी पसल्नी बुढी कहाँ गई आफ्ना कानका पातला मुन्द्रा दिई आलु र च्युरा लिएर खान लाग्छिन् । यस्तो दुखद् अवस्थामा पीताम्बरको साथी रमेश घरमा आउँदा इन्द्रमाया, "रमेश ! कहाँबाट उदायो यो देवता" (कोइराला, २०५५, पृ.३१) भन्दै सहारा पाएको अनुभव गर्छिन् । उनी नतमस्तक भएर निर्णय गर्दै अगाडि बढेकी छन् । यसको परिणाम के आउँछ उनले सोधखोज गरेकी छैनन्, जे परिआउँछ भोगौला भनेर अगाडि बढेकी छन् ।

## स्वतन्त्रता र दायित्व

इन्द्रमायाको पहिलो आत्मकेन्द्रित निर्णयमा आएका दुई विकल्प : पीताम्बर वा समाजमध्ये पीताम्बर छानेकी छन् किनभने हाम्रो सामाजिक परम्परामा सधैँ बाबु, आमा र जन्मघरमा बस्ने अधिकार नारीलाई दिइएको छैन, ऊ पतिका घर जानैपर्छ । आफ्नो जैविक इच्छापूर्तिका लागि बाबुआमाका विरुद्धै भए पनि प्राकृतिक नियमअनुसार नै इन्द्रमायाले पीताम्बरलाई रोजेकी छन् । यहाँ बाबुले रोजेको पति स्वीकार्नुको सट्टा आफैँले पति रोजेकी छन् । यिनको यो निर्णय "महाभारतको प्रसङ्ग एक्लो कृष्ण कि सात अक्षौहिणी सेना" (कोइराला, २०५५, पृ. ४) को प्रसङ्ग जस्तै गरी प्रस्तुत गरिएको छ । आखिर इन्द्रमायाले पीताम्बर एक्लो रोजिन् किनभने यो सोह्र वर्षे उमेरमा एउटी नारीका लागि प्रेमी वा पति नै महत्वपूर्ण हुन्छ । उनको दोस्रो आत्मकेन्द्रित निर्णयमा आएका दुई विकल्प : रमेशसँगको यौनसुख वा सामाजिक नारी आदर्श (नैतिकता) मध्ये रमेशसँगको यौनसुखलाई रोजेकी छन् किनभने उनलाई थाहा छ पीताम्बरबाट आफ्नो मातृत्व पूरा हुँदैन । यदि उनले यो विकल्प नरोजेको भए जीवनभर मातृभोकले पिल्सिएर बस्नुपर्ने अवस्था आउन सक्थ्यो किनभने पीताम्बरसँगको सहवास निरर्थक भएको थियो । अर्कातर्फ पीताम्बर जेलमा थिए । यो निर्णय व्यक्तिइच्छाको परिपूर्तिका लागि गरिएको थियो । उनको तेस्रो आत्मकेन्द्रित निर्णयमा आएका दुई विकल्प : मातृत्व वा पत्नीत्वमध्ये मातृत्व रोजेकी छन् किनभने नारीका लागि मातृत्व सबभन्दा महत्वपूर्ण हुन्छ । यही मातृत्त्व प्राप्तिका लागि नै नारीले पत्नीत्व रोजका हुन्छन् । उनका पहिलो र दोस्रो निर्णय मातृत्व पूरा गर्ने उद्देश्यबाट प्रेरित थिए । यिनले नारी अस्तित्वको स्थापना र नारी स्वतन्त्रता चाहेकी छन् । "स्वतन्त्र रूपमा रोज्ने, छान्ने, सोच्ने, विचार गर्ने तथा निर्णय गर्ने हुनाले संसारका प्रत्येक व्यक्ति वा मान्छे आफैँमा एक अनौठो प्राणी हो । स्वतन्त्र इच्छा, स्वतन्त्र सङ्कल्प वा स्वतन्त्र निर्णय जस्ता कुराहरूका आचरणमा व्यक्ति स्वतन्त्रताको प्रबल सर्मथन नै अस्तित्ववादको मूलभूत मान्यता हो" (जोशी, २०५३, पृ.६०) । वरणको स्वतन्त्रता अँगाल्दा यिनीले लोग्ने र समाज त्याग्नुपरेको छ, छोरी र आफ्नो जीवन धान्नका लागि निकै सङ्घर्ष गर्नुपरेको छ ।

प्रेयसी, पत्नी र माताका तीन रूपकी इन्द्रमायाको पहिलो निर्णय सुविचारित, सामाजिक रूढिका विरुद्ध विद्रोह, नारीहरू र प्रेमको सहकारिता छ भने दोस्रो निर्णय इन्द्रमायाको आफ्नै संस्कार र बौद्धिकताबीचको सङ्घर्षबाट उठेको छ र यसमा अवचेतनगत कुण्ठाको पनि भूमिका छ । तेस्रो निर्णयमा मानवीयता र स्वार्थ अथवा मातृत्व र

पत्नीत्वको टकराहटबाट जन्मेको छ जसमा नारीको अहम्‌को भूमिका छ । "इन्द्रमायाका तीन आत्मिक निर्णयहरू हाम्रो सामाजिक मूल्य र मान्यता तथा रूढिग्रस्त अवधारणाका विरुद्ध गम्भीर चुनौतिका रूपमा उभिन्छन् साथै अस्तित्ववादका ज्वलन्त नमुना स्वरूप देखापर्छन्" (पौड्याल, २०६१, पृ. १२२) । उनी जातभात, धनीगरिब, पुरुष शोषण, अनावश्यक सामाजिक बन्धन मान्दिनन् । उनी परिवर्तित समयअनुसार सामाजिक प्रचलन पनि परिवर्तित हुनुपर्छ भन्ने सोचाइ राख्छिन् । उनमा पनि अरूका जस्तै दया, माया, प्रेम, उदारता, निर्भीकता र आत्मनिर्णय गर्ने शक्ति जस्ता मानवीय गुणहरू पर्याप्त मात्रामा रहेका छन् ।

**व्यक्ति नै सत्य**

व्यक्तिले जे गर्छ त्यो उसका लागि सत्य हो । इन्द्रमायाले पनि जे गरेकी छन् ती उनका लागि सत्य हुन् । उनी जे गर्छिन् आफ्नै लागि गर्छिन् । अरूका लागि केही गरिदिन, कसैलाई बचाइदिन उनको जन्म भएको होइन, आफ्नै लागि मात्र हो । उनी आफू आत्मगत निर्देशनलाई शिरोपर गर्दै भकाभक निर्णय गर्दै अगाडि बढेकी छन् । यी निर्णयमा कुनै बेला समाजलाई चोट पुग्यो होला, कुनैले माइतीलाई, कुनैले रमेशलाई त कुनैले पिताम्बरलाई । उनी अर्काका लागि बाँचेकी त होइनन् त्यसैले उनले म नै सत्य हुँ भन्दै सुकरातको 'आफैँलाई चिन' (know thyself) भनी मान्छेको वैयक्तिक स्वतन्त्रताको कुरा उठाएजस्तै (ब्रिटानिका विश्वकोश, भोलुम २५, पृ. ६१२) आफ्नै लागि बाँचेकी छन् । त्यसैले इन्द्रमायाका तीन निर्णय आत्मकेन्द्रित निर्णय हुन् । यिनले सत्य ठानेर यी निर्णय गरेकी छन् । यिनको निर्णय हठात् नै भए पनि सचेत तवरमा गरिएका स्वतन्त्र निर्णयहरू हुन्, सामाजिक विधानप्रति आत्मसमर्पण गरेर कुण्ठित रहनाको साटो स्वेच्छाले आफ्नो भाग्यनिर्माण गर्ने चेतना यसमा सक्रिय छन् (उपाध्याय, २०४०, पृ. २०५) । यिनले वर्तमान पुरुषप्रधान समाजप्रति नै औँला ठड्याएकी छन्, चुनौति दिएकी छन् । आफ्नो जीवनमा आइपरेका हरेक अप्ठ्यारा मोडहरूमा यिनी एक्लैले निर्णय गरेकी छन्, कसैको सहारामा परेकी छैनन् । निर्णय गर्दा जेजस्तो कठिन परिस्थितिको सामना गर्नुपरे पनि यिनी तयार छिन् । "'तीनघुम्ती' उपन्यासले नारीको अस्तित्वका परिप्रेक्ष्यमा स्वतन्त्रतालाई व्याख्या गर्दै प्रेमिका, पत्नी र आमाका तीन अवस्थामा नारीको सचेत निर्णय र त्यसबाट आइपर्ने सङ्कटको सामनामा उनी तयार रहेकी छन्" (बराल र एटम, २०६६, पृ. २०९) । यिनले कठिन परिस्थितिसँग जुधेकी छन्, मुकाबिला गरेकी छन्, कतै हारेकी छैनन् । लोग्नेमानिसको सुखको प्राप्तिमा नारी सहयोगी बन्नुपर्छ तर आफ्नो व्यक्तित्व नगुमाएर, आफ्नो स्वायत्तता कायम राखेर कर्तव्यबोधमा सचेत नारी कसरी आफ्नो व्यक्तित्व राखिकन लोग्नेमानिसको सुखको प्राप्तिमा सहायक हुनसक्छे भन्ने दृष्टान्त यिनले दिएकी छन् ।

**व्यक्ति आफैँमा अनन्य**

म नै विशेष व्यक्ति हुँ; म अद्वितीय छु; मसँग अरू कसैको तुलना गर्न सकिँदैन तथा मिल्दैन र उसको बदलामा अर्कोलाई राख्न पनि सकिँदैन भन्ने सिद्धान्तको वरिपरि इन्द्रमाया घुमेकी छन् । तीनवटै निर्णयमा यिनले स्वविवेक प्रयोग गरेकी छन् । यिनको बदला समाजका अरू नारी के गर्छन् त्यो यिनले ख्याल गर्नु आवश्यक नै देखिँदैन । यिनीसँग समाजका अरू व्यक्तिको तुलना गर्ने होइन । इन्द्रमाया इन्द्रमायै हुन् । यिनको विचार, यिनका निर्णय असल वा खराब, राम्रा वा नराम्रा, मूल्यावान् वा मूल्यहीन भनी तुलना गर्ने वा निर्धारण गर्ने अधिकार अरूलाई छैन, उनैलाई मात्र छ । एउटै विचार र विषय कसैलाई राम्रो कसैलाई नराम्रो लाग्न सक्छ त्यसैले सत्य वा असत्य, सही वा खराबको मूल्य निर्धारण गर्ने काम व्यक्तिको अनुभवमा भर पर्दछ । स्वेच्छाले पतिवरण गर्नु, स्वेच्छाले आफ्नो मातृत्त्वको पूर्णता पाउनु, स्वेच्छाले प्रियतत्त्वलाई त्याग गरी मातातत्त्वलाई संरक्षण गर्नु, सत्ताइस वर्षे भरभराउँदो वैंसको उमेरमा नै पतिलाई त्याग गरी एक्लो जीवनयापन गर्नु, सिंहदरबारमा टाइपिस्ट, नारायणगढमा अमेरिकन योजनाकी कारिन्दा, काठमाडौँमा बालिका विद्यालयमा शिक्षिका भएर यिनले परिस्थितिसँग जुँधेकी छन् । यिनले पीताम्बरको प्रयणसुख पाउन खोज्दा समाजलाई त्याग्नुपऱ्यो, रमेशबाट रमाइलो पाउन खोज्दा आस्थाको सन्तोष त्याग्नुपऱ्यो, आमाको सौभाग्य रोज्दा पतिको सुख त्याग्नुपऱ्यो । "उसले पति पीताम्बर समक्ष आमा बन्ने रहर जाहेर गर्दा उसलाई पति भनाउँदो पीताम्बरले 'बाँझी' को आक्षेप लगाए । पीताम्बरका साथीसँग बोल्दा लोग्नेको कटाक्ष सुन्नुपऱ्यो । आतङ्क र हत्याको राजनीतिप्रति असहमति जनाउँदा 'काँतर नारी' को उपाधि बेहोर्नुपऱ्यो । पति रोज्दा

परिवार र समाज बैरी बनाउनुपऱ्यो र 'वेश्या' को उपनाम पाउनुपऱ्यो, लोग्ने जेल परी एकलास जीवन बिताउन माइतीको आशा र भरोसा खोज्दा बाबुले 'मेरा लागि इन्द्रमाया मरिसकी' को खबर सुन्नुपऱ्यो" (पाण्डे, २०६९, पृ. ८९) । यिनले जसरी पतिप्राप्तिका लागि बाबुआमालगायत परिवार त्याग्नुपरेको थियो त्यसरी नै आमाबन्नका लागि त्यही पति पनि त्याग्नुपरेको छ । उनका लागि पति सबभन्दा प्रिय वस्तु थियो, पतिको अभावमा शारीरिक भोकको उच्च आकाङ्क्षा उनमा बढ्दै गयो र आमा भइसकेपछि मातृङ्खव सबभन्दा प्रियवस्तु भइदियो । उनले मातृङ्खवका अगाडि पति कम महङ्खवको वस्तुका रूपमा स्वमूल्याङ्कन गरेकी छन् । यिनको जीवनको पहिलो प्रहरमा पति महङ्खवपूर्ण थियो, दोस्रो प्रहरमा सन्तानप्राप्ति महङ्खवपूर्ण भयो र जीवनको अन्तिम चरणमा सन्तानको स्याहार महङ्खवपूर्ण भयो । यी सबै यिनैका स्वनिर्णयका परिणतिहरू हुन् ।

**जीवनमूल्य**

मानवीय जीवन मूल्यवान् छ त्यसैले यसलाई भरपूर्ण उपयोग गर्नुपर्छ भन्ने सन्दर्भमा इन्द्रमायाले पनि जीवनलाई उपयोग गर्ने प्रयास गरेकी छन् । कतिपय सन्दर्भमा यिनैले गर्दा दुःख भोग्नुपर्ने अवस्था पनि आइपरेको छ । तत्कालीन सामाजिक मूल्य र मान्यतामा बाबुले छानीदिएको केटोसँग विवाह गर्नुपर्ने परम्परामा प्रेमविवाह गर्नु, सन्तान प्राप्तिका लागि परपुरुष रोज्नु र मातृत्वलाई सर्वेसर्वा ठान्दै छोरीलाई प्राप्त गर्न पति त्याग्नु इन्द्रमायाले लिएका जीवननिर्णयहरू हुन् । यही नै यिनको जीवनमूल्य हो । आफ्नो कर्मलाई निजी जीवनमा हस्तक्षेप गर्न नहुने सोचाइको प्रेरणाले यिनले यी निर्णय लिएकी छन् । यिनले गरेका तीनओटा  निर्णयहरूमध्ये पहिलो र तेस्रो निर्णय प्रत्येक चेतनशील नारीले गर्न सक्छन् र गरेका पनि छन्, दोस्रो निर्णयचाहिँ प्रत्येक नारीका अन्तरमनमा कुण्ठाका रूपमा रहने गर्दछन् । कोही यसलाई व्यक्त गर्दछन्, कोही दबाएरै राखी आत्महत्या गर्नेसम्मको अवस्थामा पुग्दछन् । उपन्यासकार कोइराला इन्द्रमाया जस्ता नारीलाई आत्महत्यामा होम्न चाहँदैनन् । उनी प्रकृतिप्रदत्त मातृत्वलाई रमेश वरण गरेर होस् वा वर्तमान कृत्रिम गर्भाधान गराई टेस्टयुव बेबी जन्माएर होस्, वा कोख सापटमा लिएर होस् जसरी पनि मातृङ्खव पूरा गराउन चाहन्छन् ।

इन्द्रमायाका दृष्टिमा प्रणयसम्बन्ध र यौनतृप्ति फरक विषय हुन् । पतिपत्नीको सम्बन्ध प्रणयसम्बन्ध हो । "इन्द्रमाया पति छँदाछँदै प्रेमी रमेशबाट यौनतृप्ति प्राप्त गर्ने र पति पीताम्बरलाई वरण गरिराख्ने अनौठो खालकी छन् । उनी मन शुद्ध राखेमा शरीरको सम्पर्कले तृष्णा मेटाउँदैमा आस्था र पवित्रतामा फरक नपर्ने कुरामा विश्वास गर्छिन्" (बराल र एटम, २०६६, पृ. २०९) । परपुरुष रमेशसँग सहवास गरेर पनि यिनी आत्माको पवित्रतालाई बचाएर राखेको दावा गर्दछिन् । यिनी लोग्नेबाट आफ्नो मातृङ्खवको भोकतृप्त हुने कुनै आधार देख्दिनन् । अत्यन्त कामातुर भएर लोग्नेका अगाडि उपस्थित हुँदा "आज म असाध्य थाकेको छु भनी अर्कातिर कोल्टो फर्किन्छन्" ( कोइराला, २०५५, पृ. २०) । त्यसैको भोलिपल्ट राज्यद्रोहको अभियोगमा जेल पर्छन् । उनको सपना सब चकनाचुर हुन्छ । यस्तो अवस्थामा देवता जस्तो उदाएको रमेश उनको इच्छातृप्तिको साधन बन्न पुग्छ ।

## निष्कर्ष

'तीनघुम्ती' उपन्यासकी प्रमुख पात्र इन्द्रमायाले आफ्नो जीवनमा लिएका तीनवटा निर्णयहरू नै उपन्यासको मूल कथावस्तु हो । यी निर्णयहरू यिनको जीवनका तीन महत्वपूर्ण घुम्तीहरू हुन् । यी सोह्र, पच्चिस र सत्ताइस वर्षको उमेरमा गरिएका निर्णयहरू जीवनको उत्तरार्द्ध पैतालिस वर्षको उमेरमा आइपुग्दा पछाडि फर्केर पुनर्मूल्याङ्कन गरेकी छन् । यस समयमा यी निर्णयहरूबाट यिनलाई कत्ति पश्चात्ताप छैन तैपनि ती सङ्घर्षका दिनहरू सम्झेर यिनी बसेकी छन् ।

इन्द्रमायाले आफ्नो जीवनमा गरेका तीन निर्णयहरू आत्मकेन्द्रित निर्णयहरू हुन् । यिनको अन्तरआत्मले यिनलाई जे गर्न लगायो, जे ठिक ठहऱ्यायो त्यही गरेकी छन् । यिनले गरेका निर्णय आत्मकेन्द्रित नैतिकताको सीमामा आबद्ध छन् । समाजलाई परिवर्तनको पाठ सिकाउन यिनले आत्मघाती नै भए पनि यस्ता कठोर निर्णय गर्नुपरेको छ । यिनी आफू समाजबाट बहिष्कृत हुनु परे पनि छोरीको पतिवरणको स्वतन्त्रतालाई यिनले स्वीकार गरी आत्मसन्तुष्टि लिन पुगेकी छन् । यिनी आफ्नो विषयमा निर्णय गर्न पूर्ण स्वतन्त्र छन् । यिनलाई कसैको दासत्व र निर्देशन स्वीकार्य

छैन । स्वतन्त्रताका कारण यिनले गरेका कार्यमा यिनी आफैं जिम्मेवार छन् तथा यिनको जीवनमा दायित्वबोधले निम्त्याएका कुराहरू भोग्न यिनी तयार पनि भएकी छन् । व्यक्ति सत्ता नै सत्य हो भनी इन्द्रमायाले आफ्नो व्यक्ति स्वतन्त्रताका लागि गरिएका यी निर्णयहरूलाई समाजले जसरी हेरे पनि पत्नीत्व, प्रियत्व र मातृत्वका लागि यी कठोर निर्णय गरेकी थिइन् । यिनले आफूलाई अनन्य ठान्दै यी निर्णय गरेकी थिइन् । यी निर्णयले ल्याएका परिणतिहरू भोग्न यी तयार छन् र भोगेकी पनि छन् । यी तीन निर्णय नगरेको भए यिनी अरू नारीसरह नै समाजमा स्वीकार्य हुने थिइन् तर आफ्नो स्वतन्त्रतालाई बन्धक बनाइराख्न यिनले चाहिनन् । सामाजिक बन्धनमा बाँधिएर यिनले जीवन बिताउन चाहेकी छैनन् । परम्परा र मर्यादालाई पनि सँगै राखेर यिनले निर्णय गरेकी हुन् । उग्र वेश्याचरण, अतिवादका पछि लागेर यी स्वतन्त्रता यिनले प्राप्त गरेकी हुन् भन्ने आधार कतै देखिँदैन । यसमा यिनले यथास्थितिवादको समर्थन पनि गर्न सकेकी छैनन् । यिनले आफ्नो जीवनमूल्य आफैँले तोकेकी छन् । यिनका कार्यले यिनको जीवनमूल्य निर्धारित भएको छ । समग्रमा इन्द्रमायाको जीवनपाठशालाबाट आत्मकेन्द्रित निर्णय, आत्मकेन्द्रित नैतिकता, स्वतन्त्रता र दायित्व, व्यक्ति नै सत्य, व्यक्ति आफैँमा अनन्य, जीवनमूल्यजस्ता व्यक्ति नै सर्वेसर्वा हो भन्ने अस्तित्ववादको केन्द्रीय विषय व्यक्तिसत्ताका पक्षमा 'तीनघुम्ती' उपन्यास सफल रहेको छ ।

## सन्दर्भ सूची


आचार्य, नरहरि. (२०५५). *परिशीलन.* साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद. (२०४०). *विचार र व्याख्या.* साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद . (२०५५). *तीनघुम्ती* (छै.सं.). साझा प्रकाशन ।

जोशी, कुमारबहादुर. (२०५४). *पाश्चात्य साहित्यका प्रमुख वाद* (ते.सं.). साझा प्रकाशन ।

चालिसे, नारायण. (२०६७). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पूर्वीय दर्शनको प्रभाव.* विद्यावारिधि शोधप्रबन्ध. नेपाल संस्कृत विश्वविद्यालय ।

ढकाल, भूपति. (२०५६). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा विचारपक्ष.* जयनेपाल प्रकाशन ।

त्रिपाठी, वासुदेव. (२०४९). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* (ते.सं.). साझा प्रकाशन ।

धरावासी, कृष्ण. (२०५८). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू* (दो.सं.). पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर ।

पाण्डे, ज्ञानू. (२०६२). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद.* नेपाली आख्यान समाज ।

पाण्डे, ज्ञानू. (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, हीरामणि शर्मा. (२०६१). *समालोचनाको बाटोमा* (दो.सं.). साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०६७). *नेपाली बृहत् शब्दकोश* (सा.सं). नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बराल, कृष्णहरि र एटम, नेत्र. (२०६६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (ते.सं.). साझा प्रकाशन ।

राई, इन्द्रबहादुर. (२०५०). *नेपाली उपन्यासका आधारहरू* (ते.सं.). साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार. (२०५१). *पूर्वीय र पाश्चात्य समालोचनाका प्रमुख मान्यता, वाद र प्रणाली.* साझा प्रकाशन ।

Hidgger, M. (1962). *Being and time*. John Macquarrle Edward Robinson (Trans.). Basil Blackwell Publisher Ltd.

Kaufman, Water. (1956). *Existentialism from dostoevasky to sartre.* The World Publishing Company.

Satre, J.P. (2003). *Being and nothingness*. Hazel E. Barness (Trans.). Routledge Classics.

Satre, J.P. (2007). *Existentialism is a humanism*. Carol Macomber (Trans.). Yale University Press.

The New Encyclopedia Britannica. Vol.XXV. Encycopedia Britannica.